नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४] काठमाडौं पौष २६ गते २०११ साल [संख्या २२

भाग १

प्रधान न्यायालयसम्बन्धी गृहमन्त्रालयको विज्ञप्ति

२९७१ फ।०८।०११ १८–९–०११

२ कोशभन्दा टाढाका २–३ वा सोभन्दा बढी अड्डामा कसैको मुद्दा परेको भए अदालती बन्दोबस्तको २१ नम्बरबमोजिम दरखास्त लिई दिई मुतलबी राख्नु राखाउनुपर्ने भएका अड्डाको म्याद तारेखमा हाजिर हुनुपर्ने मानिसलाई अर्को अड्डाबाट ऐनले पक्रनु थुन्नु र वारेस नलाग्ने मुद्दामा कारणी नै हाजिर गराउनुपर्ने भै हाजिर भए गराएकोमा समेत अदालती बन्दोबस्तका ७९ नम्बरबमोजिम झगडियाले दरखास्त दिन र सो थुन्ने पक्रने हाजिर गराउने अड्डाले दरखास्त लिई सो बेहोरा खोली मुद्दा परेको अड्डामा जनाउनम्म पठाउनुपर्नेमा आजकल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कतिपय अड्डाखानाले आफ्ना अड्डामा परेको मामुली कुराको लगाउ लिई झग-डिया हाजिर गराई अर्को अड्डामा परी राखेको मुद्दामा तारेख दिनेसमेत गैर कानूनी काम गर्न लागेको देखिनाले आइन्दा त्यस्तो नहोस् भन्नाको लागी विज्ञप्ति प्रकाश गरेको छ। अबलाई सबै अड्डाखाना र झगडियासमेतले ऐन सवालैबमोजिम मात्र गर्नु गराउनुहोला।

आज्ञाले—
नीरराज,
सेक्रेटरी—गृहमन्त्रालय.

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।